चौंरीदेउराली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# खानी तथा नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान म्याद थप सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित २०७७/०९/२३ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क. बमोजिम तपसिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौंरीदेउराली गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि थप ७ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण(घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.क बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | 1/IR/077/078 | कोइली बगर | २६२३.६२ | ८,३३,८६९.१२ | ३००० |
| २ | 2/IR/077/078 | बैरेलु बगर | ९९५.३३ | ३,१६,३४७.०९ | ३००० |
| ३ | 3/IR/077/078 | मुलबेशी लामा बगर | ३३९९.४८ | १०,८०,४६३.५३ | ३००० |
| ४ | 4/IR/077/078 | आम्बोटे बगर | २१४.२७ | ६८,१०१.५० | ३००० |
| ५ | 6/IR/077/078 | पचुवारघाट (नकटे बगर) | ७९५४.२४ | २५,२८,११२.०१ | ३००० |
| ६ | 7/IR/077/078 | मालुवा बगर | ३९६३.९० | १२,५९,८५५.५४ | ३००० |
| ७ | 8/IR/077/078 | टिम्रेनी (मैसाद) बगर | ३२४६.१२ | १०,३१,७२०.८१ | ३००० |
| ८ | 10/IR/077/078 | जखडी टापु | ७८५६.५८ | २४,९७,०७१.२६ | ३००० |
| ९ | 11/IR/077/078 | रानीदह बगर | १६१७.६२ | ५,१४,१३०.१३ | ३००० |
| १० | 12/IR/077/078 | दोभानटार बगर (i) | १३१४.८२ | ४,१७,८९०.६० | ३००० |
| ११ | 13/IR/077/078 | दोभानटार बगर(ii) | १०२४.७६ | ३,२५,७०१.५२ | ३००० |
| धरौटी रकम (कबोल रकमको ५%, मु.अ.क. सहितको) | | | | | |

- थप बोलपत्र फाराम दस्तुर रु. ३०००।- एन.सी.सी. बैंक शाखा कार्यालय चौंरीदेउरालीमा रहेको यस कार्यालयको ग.४.१ सञ्चित कोष खाता नं. १४४००००००२६०१ मा नगद जम्मा वा यस कार्यालयमा उपस्थित भई नगदै जम्मा गर्न सकिने ।
- धरौटी रकम एन.सी.सी. बैंक शाखा कार्यालय चौंरीदेउरालीमा रहेको यस कार्यालयको स्थानीय धरौटी खातामा रहेको ग.३. धरौटी खाता नं. १४४००००००२९०१ मा जम्मा गर्न सकिने ।

➢ उल्लेखित शर्तहरु तथा थप जानकारीको लागी यस गाउँपालिकाको वेबसाइट https://chaurideuralimun.gov.np तथा सम्पर्क नं. ९८५१२४३०९१, ९८५१३१००९२

प्रशासकीय अधिकृत

शर्तहरुः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.सी.सी. बैंक शाखा कार्यालय चौंरीदेउरालीमा रहेको यस कार्यालयको ग.४.१ संचित कोष खाता नं. १४४०००००२६०१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको स्थानीय धरौटी खातामा रहेको ग.३. धरौटी खाता नं. १४४०००००२९०१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरु मध्ये यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत(विड वण्ड) सिलबन्दी खाम गरी बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४. एक फर्मा वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद, नाघि, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल प्रथम किस्ताबापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोश्रो किस्ताबापत ४० प्रतिशतले हुने रकम र तेस्रो र अन्तिम किस्ताबापत २० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा रहेको एन.सी.सी. बैंक शाखा कार्यालय चौंरीदेउरालीमा रहेको यस कार्यालयको ग.४.१.४ संचित कोष खाता नं. १४४०००००२६०१ मा रकम जम्मा गरी नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकीएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

चौंरीदेउराली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ... काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत